*परीक्षा संचालन शाखा प्राविधिक*

# गेमस्काउट र वनरक्षक पदको शारीरिक तन्दुरुस्ती परीक्षामा अनियमितता गर्ने उम्मेदवारहरुलाई कारबाही गरिएको सूचनाहरु

## सूचना नं. ३६१/०७४-७५

**लोक सेवा आयोग, कर्णाली अञ्चल कार्यालय, जुम्लाको वि.नं. ८०१-८०४/०७३-७४ एवम् ८०५-८११/०७३-७४** नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, श्रेणी विहीन, वन रक्षक पद र नेपाल वन सेवा, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ समूह, गेमस्काउट पदको मिति २०७४/६/२६ मा सञ्चालित शारीरिक तन्दुरुस्ती अन्तर्गत तौल लिने क्रममा कालीकोट जिल्ला साविक पाखा-९, मान्माखाँडाचक्र न.पा वडा नं. १० स्थायी ठेगाना भएको मनरुप शाहीको नाति नरसिंह शाहीको छोरा वन रक्षक तर्फ रोल नं. ३९२१०५ र गेमस्काउट तर्फ रोल नं. ३९३०७५ का धन बहादुर शाहीले नक्कली परीक्षार्थी खडा गरी परीक्षामा सहभागी गराएको । सोही कार्यालयको सोही सेवा समूह र पदमा सोही केन्द्रमा मिति २०७४/६/२४ मा संचालित रुख चढ्ने प्रतियोगितामा असफल भएका गोठीचौर गाउँपालिका वडा नं. ५ ठेगाना भएका भक्त गिरीको नाती विर्ष बहादुर गिरीको छोरा रोल नं. ३७१४४३ का विश्वराज गिरी पौडी प्रतियोगितामा सहभागी भएको साथै मुगु जिल्ला रारा-६ ठेगाना भएका सतवर बुढाको नाती हर्कबहादुर बुढाको छोरा रोल नं. ३९४०८६ का धीरज बुढाले मिति २०७४/६/२५ मा संचालन भएको पौडी प्रतियोगितामा कृष्णबहादुर बुढालाई नक्कली उम्मेदवारको रुपमा खडा गरी पौडी खेलाउने प्रयास गरी परीक्षामा अनियमित कार्य गरेकोले निजहरुको उल्लिखित पदको परीक्षा रद्द गरी निजहरुलाई आयोगबाट लिइने कुनै पनि पदको परीक्षामा मिति २०७४/७/३० देखि ३ (तीन) वर्षसम्म सहभागी हुन नपाउने गरी निलम्बन गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।